# लोक सेवा आयोग
# बागलुङ कार्यालय
## बागलुङ

फोनः नं. : ०६८-५२२६४७,५२०१४७ Website:www.psc.gov.np Email: baglung@psc.gov.np


## नेपाली सेनाको सैन्य पदको लिखित परीक्षाको
## परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. ०१/२०८२/०८३, मिति २०८२/०४/१७**

लोक सेवा आयोग, बागलुङ कार्यालय, बागलुङले सञ्चालन गर्ने नेपाली सेनाको मिति २०८१/१२/२९ गते प्रकाशित **विज्ञापन नं. ०८१/८२/९१ (खुला तथा समावेशी), सैन्य** पदमा **श्री नं. २३ बाहिनी अड्डा, शेराडिल ब्यारेक, बागलुङमा** सञ्चालित बियरिङ तथा प्रि-मेडिकल र शारीरिक परीक्षणमा उत्तीर्ण भई लिखित परीक्षाको लागि छनौट भएका उम्मेदवारहरूको लिखित परीक्षा आयोगको पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार देहाय बमोजिमको **मिति, समय र स्थान (परीक्षा केन्द्र)** मा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साथै, तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरूमा कुनै पनि उम्मेदवारलाई सम्मिलित गराईने छैन। तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा ३ (तीन) घण्टा अगावै आईपुग्नुपर्नेछ। परीक्षार्थीहरूले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरू तल द्रष्टव्यमा उल्लेख गरिएको छ।**

### लिखित परीक्षा कार्यक्रम

| विज्ञापन नं. | पद | विषय | लिखित परीक्षाको मिति, समय र अवधि |
|---|---|---|---|
| ०८१/८२/९१ (खुला तथा समावेशी) | सैन्य | **अंग्रेजी, गणित, नेपाली, सामान्य ज्ञान (वस्तुगत र विषयगत)** | २०८२/०४/३१ गते, शनिबार<br>बिहानको ११:०० बजे<br>२ घण्टा ३० मिनेट |

### लिखित परीक्षाको परीक्षा भवन

| क्र.सं. | रोल नं. (दर्ता नं.) | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|
| १ | WDI07 देखि WDI295 सम्म | १३७ जना | श्री लोक सेवा आयोग, बागलुङ कार्यालयको परीक्षा भवन |

**द्रष्टव्यः १**

**क)** आयोगको पूर्व सूचना बिना निर्धारित कार्यक्रम अनसुारको परीक्षा स्थगित हुनेछैन।

**ख)** परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ। साथै वस्तगुत उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन।

**ग)** परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशन पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

**घ)** वस्तगुत बहुउत्तर (Multiple Choice) भएका प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter)A, B, C, D मा लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।

**ङ)** परीक्षा भवनमा झोला, मोबाइल फोन, स्मार्टवाच र अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ। वस्तगुतपरीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।

**च)** प्रवेश-पत्र बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेश-पत्र साथै नेपाली नागरिकता वा नेपाल सरकारबाट जारी फोटो सहितको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनु पर्नेछ।

| ............................ | ............................ | ............................ | ............................ |
|---|---|---|---|
| **(पिताम्बर बिरकट्टा)** | **(चेतनप्रकाश आचार्य)** | **(सिताराम राई)** | **(खुबी राम पोख्रेल)** |
| **कम्प्युटर अपरेटर** | **नायब सुब्बा** | **शाखा अधिकृत** | **कार्यालय प्रमुख** |